दूरसञ्चार क्षेत्र सुधारमा सरकार गम्भीर

'फोरजी' सुदृढीकरणसँगै 'फाइभजी' सेवा सुरु गर्ने तयारीमा छौं : सञ्चारमन्त्री

काठमाडौं(जस)-सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारले दूरसञ्चार क्षेत्र, 'मिडिया' नीति तथा सञ्चार क्षेत्र सुधारलाई प्राथमिकतामा राखेर यी क्षेत्रमा आवश्यक अध्ययनसहित सुधारका प्रयास अघि बढाएको बताएका छन् । मन्त्रालयमा बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री डा तिमिल्सिनाले छोटो अवधिमा सबै क्षेत्रलाई एकैपटक व्यवस्थित गर्न चुनौतीपूर्ण भए पनि सरकारले प्राथमिकताका आधारमा काम गरिरहेको बताए । उनले दूरसञ्चार सेवाको गुणस्तर सुधार, प्रतिस्पर्धा विस्तार तथा सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउने दिशामा सरकार केन्द्रित रहेको उल्लेख गरे ।

हाल तत्काल फोरजी सेवा बन्द गरेर फाइभजीमा जाने अवस्था नरहेको उल्लेख गर्दै उनले अहिलेलाई फोरजी सेवालाई अधिकतम प्रभावकारी बनाउने र त्यसपछि क्रमिक रूपमा फाइभजी कार्यान्वयन गरिने तयारी भइरहेको जानकारी दिए । फाइभजी सेवा सुरु गर्ने विषय सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै आवश्यक 'फ्रिक्वेन्सी' निर्धारण र वितरणसम्बन्धी तयारीसमेत अगाडि बढाइएको उनको भनाइ थियो ।

दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धा बढाउन थप मोबाइल 'अपरेटर' आवश्यक रहेको विषयमा पनि सरकारले अध्ययन गरिरहेको मन्त्री तिमिल्सिनाले बताए । हाल दुई कम्पनीले मोबाइल सेवा प्रदान गरिरहेको अवस्थामा तेस्रो मोबाइल अपरेटरको आवश्यकता पहिचान तथा निर्धारणका सन्दर्भमा आवश्यक प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उनले यसले दूरसञ्चार क्षेत्रलाई थप प्रभावकारी र प्रतिस्पर्धी बनाउने विश्वास व्यक्त गरे ।

सरकारले नेपाल टेलिकमलाई थप सुदृढ बनाउने, दूरसञ्चार पूर्वाधारलाई जनताको हितमा उपयोग गर्ने तथा समग्र दूरसञ्चार प्रणालीलाई मजबुत बनाउने नीति लिएको पनि उनले बताए । यी विषयमा मन्त्रालयले नेपाल टेलिकम तथा नियामक नेपाल दूरसञ्चार प्राधिकरण सँग नियमित छलफलमा रहेको र आवश्यक सहयोग गर्न तयार रहेको सञ्चारमन्त्री तिमिल्सिनाले बताए । दूरसञ्चार क्षेत्रका विद्यमान समस्या समाधानका लागि कानुन कार्यान्वयन गर्दै सुधार प्रक्रिया अघि बढाइएको उनको भनाइ छ । विशेषगरी नेपाल टेलिकमसँग सम्बन्धित बिलिङ बिलिङ प्रणाली तथा सेवा व्यवस्थापनका विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै सञ्चारमन्त्रीले यी कार्यमा विद्यमान विधि विधानभित्र रहेर पारदर्शितालाई केन्द्रमा राखी कुनै विवाद सिर्जना नहुने गरी समाधान खोजिने बताए ।

नेपाल टेलिकममा जनताको लगानी र सरकारी दायित्व दुवै जोडिएको उल्लेख गर्दै उनले कानुन र नियमअनुसार आवश्यक भूमिका निर्वाह गनुपर्नेमा जोड दिए । नेपालमा 'डेटा सेन्टर' तथा डिजिटल पूर्वाधार विकासका विषयमा पनि सरकारले अध्ययन गरिरहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताए । बहुराष्ट्रिय कम्पनीहरूको चासो, 'डिजिटल फिजिबिलिटी' तथा विदेशी लगानी आकर्षित गर्ने सम्भावनाबारे अध्ययन भइरहेको उल्लेख गर्दै उनले नेपाललाई क्षेत्रीय 'डेटा सेन्टर हब'का रूपमा विकास गर्न सकिने सम्भावनाबारे अध्ययन जारी रहेको जानकारी दिए ।

जनताको करबाट जोडिएका सम्पत्तिको दुरुपयोग तथा प्रणालीगत भ्रष्टाचार रोक्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै कुनै निकाय, संस्था वा कर्मचारीबाट गलत कार्य भएको सूचना प्राप्त भए सम्बन्धित राज्य संयन्त्र सक्रिय बनाइने उनले बताए । त्यसका लागि आवश्यक सूचना प्रत्यक्ष रूपमा उपलब्ध गराउनसमेत उनले आग्रह गरे । सञ्चारमन्त्री तिमिल्सिनाले लोकतन्त्रलाई बलियो बनाउन स्वतन्त्र र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको धारणा व्यक्त गरे । मिडिया क्षेत्र बलियो भएन भने लोकतन्त्र बलियो हुन नसक्ने उल्लेख गर्दै उनले सरकार मिडियाको भूमिकाप्रति संवेदनशील रहेको बताए ।

सञ्चारमाध्यामहरुले पनि जिम्मेवार र व्यावसायिक पत्रकारितामा जोड दिई आफ्नो छवि सुधार्नुपर्ने धारणा उनको थियो । विज्ञापन वितरण, सञ्चारमाध्यमको दिगोपन तथा पत्रकारहरूको हितका विषयमा अध्ययन गरेर नीतिगत सुधार गरिने जानकारी पनि उनले दिए । सरकारले सरकारी विज्ञापनका सन्दर्भमा सञ्चारमाध्यम र समाचार संस्थासँग सम्बन्धित समस्या समाधानका लागि मन्त्रालय तथा सम्बन्धित निकायमार्फत समन्वय गरिरहेको जनाएको छ । विज्ञापन वितरण तथा छनोट प्रक्रियालाई पारदर्शी बनाइएको उल्लेख गर्दै मन्त्रालयले निर्धारित प्रक्रियाबाहिर कुनै निर्णय नहुने स्पष्ट पारेको छ ।

काठमाडौं महानगरपालिकाद्वारा कक्षा ११ र १२ को छात्रवृत्ति परीक्षाको आवेदन खुला

काठमाडौं(जस)-काठमाडौं महानगरपालिकाले शैक्षिक सत्र २०८३/०८४ का लागि कक्षा ११ र १२ मा छात्रवृत्ति कोटामा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूका लागि अनलाइन आवेदन खुला गरेको छ । महानगरअन्तर्गत रहेका संस्थागत शिक्षण संस्थामा अध्ययनका लागि परीक्षा प्रणालीमार्फत छात्रवृत्ति प्रदान गरिने जनाइएको छ ।

महानगरपालिकाले जारी गरेको सूचनाअनुसार छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम २०८३ साल जेठ १ गते बिहान १० बजेदेखि भर्न सकिनेछ । आवेदन दिने अन्तिम समय जेठ १० गते राति ११:५९ बजेसम्म तोकिएको छ । विद्यार्थीहरूले महानगरपालिकाको आधिकारिक वेबसाइट वा अनलाइन आवेदन पोर्टल मार्फत आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

महानगरपालिकाका अनुसार छात्रवृत्ति परीक्षा २०८३ साल जेठ १७ गते बिहान ८ बजेदेखि १० बजेसम्म सञ्चालन हुनेछ । परीक्षामा माध्यमिक तह कक्षा १० को पाठ्यक्रममा आधारित १०० वटा वस्तुगत बहुवैकल्पिक प्रश्न सोधिने जानकारी दिइएको छ । यसैबीच, विषयगत अङ्भार, विद्यालयअनुसारको छात्रवृत्ति कोटा तथा परीक्षा केन्द्रसम्बन्धी विस्तृत विवरण महानगरपालिकाको वेबसाइटमा उपलब्ध रहेको जनाइएको छ ।

साउदीमा रोजगारको सूवर्ण अवसर

कम्पनीको नाम: **Saudi Mechanical Industries Co.**

पूर्व स्वीकृति मिति : २०२६/०५/१३ LT.No: 342022 चलानी नं. ६०२५५३५१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलव SR	मासिक तलव ने.रु.	ओभर टाईम गर्ने सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाने/बस्ने सुविधा	करार अवधि
1	Worker Loading & Unloading	1	0	सम्बन्धित काममा दक्ष	1000	80,७००	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कस्ले व्यहोर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षाकोष	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टयाम्पी शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैले	रोजगादाताले व्यहोर्ने	कामदार आफैले	बीमा हुने/प्रिमियम रोजगारदाताले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. २,३०८/- कामदार आफैले	रोजगारदाताले व्यहोर्ने	रोजगारदाताले व्यहोर्ने	रू. ७००/- कामदार आफैले	रू. १५००/- कामदार आफैले	रू.१०,०००/-

वैदेशिक रोजगार विभागबाट जराइएको जानकारी : १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निवोमको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे रासरी पढेर माग सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्सँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग वृद्धनगरमा सम्पर्क राख्नुहोला । ८) घ्वाँट भई मिथ्या प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई मिथ्या वापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्ने छ ।

अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०८३ जेष्ठ ७ गते (21 May 2026) प्रा. लि. को कार्यालय महाराजगञ्जमा हुनेछ ।

अल-आसमाक्स कम्पनी प्रा. लि.

महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाडौं, नेपाल

फोन नं.: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२, ४६५०४७३

Email : alasmacsrecruitment@asmacs.com.np

अल ईजाजत पत्र नं. ७४८/०६४/०६५

www.jobs4hunt.com is the road to your succes in your carrer

ट्राफिक कारबाहीमा एकैदिन २० लाख ३१ हजार राजस्व सङ्कलन

काठमाडौं(जस)-बितेका २४ घण्टामा एक हजार ६८७ सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु २० लाख ३१ हजार ५०६ राजस्व दाखिला भएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको ८५, नियमविपरीत 'राइड सेयरिङ' गरेका १६३, सङ्केत बत्ती उल्लङ्घनकर्ता १४२ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका ११७ जनालाई कारबाही गरिएको हो । यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने ६६, निषेधित क्षेत्र

हिमाल आरोहणका क्रममा ५ जनाको निधन

काठमाडौं(जस)-सन् २०२६ को वसन्त ऋतुमा हिमाल आरोहण गर्ने क्रममा ५ जना आरोही तथा पथप्रदर्शकहरूले ज्यान गुमाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको पर्यटन विभागले एक विज्ञप्ति जारी गर्दै आफ्नो जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा भएको यस असामयिक निधनले समग्र पर्वतीय पर्यटन क्षेत्र स्तब्ध भएको जनाएको छ ।

विभागले दिवङ्गत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ । विभागद्वारा जारी विज्ञप्तिमा उल्लेखित विवरण अनुसार सगरमाथा आरोहणका क्रममा तीन जना नेपाली माउन्टेन गाइडहरूको निधन भएको छ ।

प्रजनन स्वास्थ्यमा महिलाको अधिकार सुनिश्चित गर्न शिक्षा र कानुनी सुधार आवश्यक

काठमाडौं(जस)-सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिकी सभापति पूजा चौधरीले नेपालमा गर्भपतन सेवा अझै पनि गुणस्तरीय, सर्वसुलभ, पहुँचयोग्य र सुरक्षित बन्न नसकेको बताएकी छन् । अन्तर ष्ट्रिय महिला स्वास्थ्य दिवसको पूर्वसन्ध्यामा महिला, कानून र विकास मञ्च (एफडब्लुएलडी) र सेन्टर फर रिप्रोडक्टिभ राइट्स (सीआरआर)ले बुधबार आयोजना गरेको कार्यक्रममा बोल्दै उनले प्रजनन स्वास्थ्यलाई महिलाको आधारभूत अधिकारका रूपमा स्थापित गरिए पनि व्यवहारमा अझै धेरै चुनौती रहेको बताइन् ।

सभापति चौधरीले शिक्षा र जनचेतनाको अभावका कारण विशेषगरी दुर्गम क्षेत्रका महिलाहरू डर र असुरक्षाबीच बाँच्न बाध्य भएको उल्लेख गर्दै प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना विस्तार गर्नु आजको प्रमुख आवश्यकता भएको धारणा राखिन् । उनले महिलाको जीवन जन्मदेखि नै प्रजनन स्वास्थ्यसँग जोडिने भएकाले यस विषयलाई विद्यालय तहदेखि नै शिक्षा र जनचेतनासँग जोड्नुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा एफडब्लुएलडी र सीआरआरले सुरक्षित, भरपर्दो र पहुँचयोग्य गर्भपतन सेवाका लागि आफूहरूले विगतदेखि गर्दै आएको बहस, अभियान र कानुनी पैरवीबारे जानकारी गराएका थिए । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन-२०७५ जारी हुनुअघि गर्भपतनलाई गैरकानुनी अवस्थाबाट सुरक्षित सेवाको दायरामा ल्याउन भएका प्रयासहरू श्रव्यदृश्य सामग्रीमार्फत प्रस्तुत गरिएको थियो ।

सीआरआरकी क्षेत्रीय निर्देशक प्रविना बज्राचार्यले सुरक्षित मातृत्व ऐन लागू भए पनि गर्भपतनसम्बन्धी कानुनी जटिलता अझै कायम रहेको बताइन् । उनका अनुसार गर्भपतनलाई कानुनी मान्यता दिइए पनि फौजदारी अपराध संहिताभित्र राखिएकाले महिलाहरू अझै त्रास र अन्योलमा बाँच्न बाध्य छन् । उनले गैरकानुनी गर्भपतनको आरोपमा जेल सजाय भोगिरहेका महिलाहरू अझै मुक्त हुन नसकेको उल्लेख गर्दै गर्भपतनलाई फौजदारी अपराधको दायराबाट अलग गर्न थप कानुनी सुधार आवश्यक रहेको धारणा राखिन् ।

कार्यक्रममा ग्रामीण क्षेत्रमा चेतना, शिक्षा र कानुनी जानकारीको अभावले महिलाले भोग्नुपरेका प्रजनन स्वास्थ्यसम्बन्धी समस्या झल्काउने नाटकसमेत प्रस्तुत गरिएको थियो । फोरेन थिएटरद्वारा प्रस्तुत उक्त नाटकले सहभागीहरूको ध्यान आकर्षित गरेको थियो । एफडब्लुएलडीकी अध्यक्ष गीतादेवी अर्यालको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन अधिवक्ता नविनकुमार श्रेष्ठले गरेका थिए ।

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८३-०१-३१)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

S. N.	Bid IFB No.	Name of Projects	Date of Notice Publication	Quoted Amount with VAT (NRs.)	Name of Lowest Evaluated Substantially Responsive Bidder	Remarks
1.	21/Works/NCB/ KM/2082/083	Kalika 11 no Woda Dekhi Majhabang Hudai Rapti 1 Thakuri Bhanjhyang Sammko Krishi Sadak Kalika Na Pa	2082-12-06 B.S/ (20th March, 2026))	19,19,951.83	Mahabhairav Construction Pvt. Ltd., Simara -04, Bara	
2.	22/Works/NCB/ KM/2082/083	Madan Asrit Dekhi Pakshim Kabita Neupane Ko Gharchowk Bato Kalopatrey, Kalika -4	2082-12-06 B.S/ (20th March, 2026))	63,39,769.60	Mahabhairav Construction Pvt. Ltd., Simara -04, Bara	
3.	24/Works/NCB/ KM/2082/083	DTH Deep Tubewell Construction At Different ward 3, 4 and 7 OF Kalika Municipality (first Phase)	2082-12-06 B.S/ (20th March, 2026))	39,18,697.00	R.S.G. Haiku Construction Pvt. Ltd., Bhaktapur, Nepal	
4.	25/Works/NCB/ KM/2082/083	DTH Deep Tubewell Construction At Different ward 1, 5 and 6 OF Kalika Municipality (Second Phase)	2082-12-06 B.S/ (20th March, 2026))	35,93,867.20	Extra Energy and Construction Pvt. Ltd., Bharatpur- 03, Chitwan	

प्रमुख प्रशासकीय अधिकृत